**बीमा समिति**
**BEEMA SAMITI**
**नेपालको बीमा नियमनकारी निकाय**
Insurance Regulatory Authority of Nepal

**परिपत्र नं. १५**

बी.स. ११८ (२०७७/०७८) च.नं.४३२६ मिति: २०७८/०१/१६

**श्री ईजाजतपत्र प्राप्त सबै बीमा कम्पनीहरु,**

**बिषय: निषेधाज्ञाको समयमा सेवा प्रवाह गर्ने सम्बन्धमा।**

कोभिड-१९ को संक्रमणको कारण उत्पन्न परिस्थितको सन्दर्भमा स्थानिय प्रशासनहरुबाट निषेधाज्ञाको आदेश जारी भएको समयमा बीमकहरुले दैनिक कार्य सञ्चालन गरी सर्वसाधारणलाई सेवा प्रवाह गर्नुपर्ने हुँदा देहाय बमोजिमको व्यवस्था गर्नु गराउनुहुन यो निर्देशन जारी गरिएको छ।

१. बीमकहरुले आवश्यक बीमा सेवा प्रवाह गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने कर्मचारीहरुमध्ये एक तिहाई कर्मचारीहरुद्वारा आलो पालोमा सेवा संचालन गर्ने र यसरी पालोमा कार्य गराउदा कार्यलय प्रमुखले कोभिड काज जनाउने। सम्बन्धित सबै कर्मचारीहरुले अनिवार्य रुपमा फोटो सहितको परिचयपत्र साथमा लिई हिड्ने व्यवस्था मिलाउने।
२. निषेधाज्ञाको अवधि भरी विद्युतीय माध्यमवाट वीमालेख जारी तथा नविकरण गर्न सकिने।
३. निर्जीवन बीमकले तत्काल सृजना हुने दाबी भुक्तानीको लागि विद्युतीय माध्यमबाट समेत निवेदन प्राप्त भएमा निषेधाज्ञाको अवधि समाप्त भए पछि तत्काल सर्भेयर खटाई क्षति यकिन गरी दाबी भुक्तानी गर्ने।
४. बीमालेख अनलाइन विधिबाट जारी गर्न सकिने र त्यसरी जारी गर्दा अनिवार्य रुपमा बीमा समिति बाट जारी भएका ऐन नियम र निर्देशिका साथै बीमकको Underwriting Manual को अधिनमा रहि गर्नु पर्ने,
५. बीमालेखको प्रस्ताव फारम अनलाइन मार्फत भराउने र पर्याप्त रुपमा बीमा जोखिमाङ्कन गरी बीमालेख जारी गर्न सकिने, बीमालेखको प्रस्ताव फारम भर्दा ग्राहक पहिचान फारम, फोटो लगायत अन्य जानकारी समेत लिने व्यवस्था गर्ने,
६. बीमालेख अन्तर्गतको बीमाशुल्क विभिन्न बैंक तथा वित्तीय संस्थाहरुको Mobile/E-Banking तथा अनलाइन सेवा प्रदायक मार्फत समेत भुक्तानी गर्न सकिने,
७. बीमालेख जारी गर्दा टिकट वापतको शुल्क समेत लिने र टिकट टास्ने ब्यवस्था बीमकले गर्ने साथै बीमालेखमा " This is electronically generated policy, hence, bears no signature and the duly stamped original policy will be provided after the lockdown period" भन्ने वाक्याशं सहित ईमेल मार्फत बीमालेखको सफ्ट कपी पठाउने। निषेधाज्ञाको अवधि समाप्त भएपछि टिकट सहितको सक्कल बीमालेख र रसिद बीमितलाई उपलब्ध गराउने व्यवस्था गर्ने,

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक